कर्णाली प्रदेश सरकार

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

वीरेन्द्रनगर, सुर्खेत

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
कर्णाली प्रदेश, सुर्खेत
प्र. दर्ता नं.: ४१९
प्र. मिति: २०७७।०६।२६

विषय : प्राइभेट फर्म नविकरणको समयावधि थप गर्ने सम्बन्धमा ।

प्रस्ताव पेश गर्न विभागीय मन्त्रीवाट स्वीकृती प्राप्त मिति : २०७७।०६।१९

१. विषयको संक्षीप्त व्यहोरा :

विश्वव्यापी महामारी कोभिड-१९ बाट सिर्जित वन्दावन्दी तथा अन्य विविध कारणबाट नवीकरणका लागि म्यादभित्र निवेदन दिन नसकेका प्राइभेट फर्महरुलाई प्राइभेट फर्म रजिष्ट्रेसन नियमावली, २०३४ (बाह्रौ संशोधन समेत) बमोजिम नवीकरण दस्तुर तथा जरिबाना लिई नवीकरण गर्न नवीकरण गर्ने म्याद २०७७ साल पौष मसान्त सम्म थप गर्न आवश्यक भएको ।

२. प्राप्त परामर्श तथा अन्य प्रासंगीक कुरा :

३. प्रस्ताव पेश गर्नुपर्ने कारण र मन्त्रालयको सिफारिस :

प्राइभेट फर्म रजिष्ट्रेसन नियमावली, २०३४ (बाह्रौ संशोधन समेत) को नियम १० को उपनियम (१) मा यो उपनियम प्रारम्भ हुँदाको बखत प्राइभेट फर्म नवीकरण गराउन नसकेको प्राइभेट फर्मको धनी ले कारण खुलाई २०७७ साल असार मसान्तसम्म दरखास्त दिन सक्ने व्यवस्था भएको र नवीकरण गर्दा लाग्ने दस्तुर प्रत्येक नवीकरण अवधिको लागि लाग्ने नवीकरण दस्तुरको तेब्बर दस्तुर र जरिबाना समेत लिई नवीकरण गर्न सकिने प्रावधान रहेकोमा विश्वव्यापी महामारी कोभिड- १९ बाट सिर्जित बन्दाबन्दी तथा अन्य विविध कारणले नवीकरण गर्ने म्याद समाप्त भै नवीकरण समेत हुन नसकेकाले उल्लेखित असहज परिस्थितिलाई मध्यनजर गरी प्राइभेट फर्म रजिष्ट्रेसन नियमावली, २०३४ (बाह्रौ संशोधन समेत) को नियम १० को उपनियम (१) बमोजिमको नवींकरण दस्तुर र जरिवाना लिंई प्राइभेट फर्महरुको नवीकरण गर्न नवीकरणको समयअवधि २०७७ साल पुष मसान्तसम्म थप गर्ने निर्णयका लागि कर्णाली प्रदेश सरकार मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्न विभागीय मन्त्रीवाट मिति २०७७।०६।१९ मा स्वीकृति प्राप्त भएकाले प्रदेश सरकार कार्यसम्पादन नियमावली, २०७४ को अनुसूची -१ विषय संख्या १८ बमोजिम यो प्रस्ताव पेश गरीएको छ ।

४. निर्णय हुनुपर्ने व्यहोरा :

राजश्व दस्तुर र जरिबाना प्रचलित कानून बमोजिम हुने गरी प्राइभेट फर्मको नवीकरणको समयावधि २०७७ साल पौष मसान्तसम्म थप गर्ने ।

मिति : २०७७।०६।२१

(डा. कृष्ण प्रसाद आचार्य)
प्रदेश सचिव

प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत नेपाल
दर्ता नं.: ५०४
दर्ता मिति: २०७७।७।१६

श्री सचिव,

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय,

कर्णाली प्रदेश, सुर्खेत ।

प्राइभेट फर्म नविकरणको समयावधि थप गर्ने सम्बन्धी विषयको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको नं. ४/९-२०७७/०७/०६ को प्रस्ताव प्र.मं.प.बै.सं. १३/०७७ मिति २०७७/०७/०८ को प्रदेश मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा त्यसमा प्रदेश सरकार, मन्त्रिपरिषद्ले देहायबमोजिम निर्णय गरेकाले सो बमोजिम कार्यान्वयन हुन प्रदेश सरकार कार्य सम्पादन नियमावली, २०७४ को नियम २४ बमोजिम अनुरोध गरेको छु ।

<u>प्रदेश सरकारको निर्णय :</u>

"प्रस्तावमा लेखिएबमोजिम गर्ने।"

कर्णाली प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
वीरेन्द्रनगर, नेपाल

(आनन्द सारु)
नि.प्रमुख सचिव
२०७७।०७।०८